विराटनगर महानगरपालिका

बैठक संख्याः ५

मितिः २०७४/०५/०८

बैठक प्रारम्भः ३:००

बैठक स्थगनः ६:००

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री विनोद कुमार वस्नेत | |
| ६ | सदस्य | श्री देवेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री विजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | श्री झरीलाल महतो | |
| १६ | सदस्य | श्री वलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | सदस्य | श्री संजय कुमार साह | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |

| | | | |
|---|---|---|---|
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री राजेश भुजेल | |
| २९ | सदस्य | श्री गायत्री कुमारी दास | |
| ३० | सदस्य सचिव | श्री दिपक कोइराला | |

निर्णय नं. १

बोर्डको मिति २०७४।०४।२६ मा बसेको बैठक संख्या ३ को निर्णय नं. ९ मा ऐतिहासिक स्थानीय तह निर्वाचन २०७४ बाट निर्वाचित भएर आउनुभएका नवनिर्वाचित जनप्रतिनीधिहरूले पदभार ग्रहण गरेपछिको प्रथम नगर सभा मिति २०७४।०५।१८ मा गर्ने निर्णय भएकोमा वर्षातका कारण डुबान र बाढिबाट प्रभावित-विस्थापितलाई उद्दार, राहत वितरण तथा पुनर्स्थापना कार्यमा जुट्नुपर्ने भई आवश्यक गृहकार्य गर्न समय अपुग भएकाले उक्त परिषद मिति २०७४।०५।२३ गते दिनको १:०० बजेलाई सार्ने निर्णय गरियो ।

निर्णय नं. २

बाढी तथा डुबानका कारण सङ्कटमा परेका व्यक्तिहरूलाई जिल्ला प्रशासन कार्यालय मोरङले उपलब्ध गराएको मापदण्डमा आधारीत भएर हरेक वडाले सर्वदलीय/सर्वपक्षीय संयन्त्रबाट २ दिनभित्र पिडित व्यक्तिहरूको डाटा पेश गरी नेपाल सरकारले उपलब्ध गराएको प्रति दिन ७० (सत्तरी) रुपैंयाको राहत रकम ३० दिनको एकमुष्ठ उपलब्ध गराउने निर्णय गरियो ।